**श्रीकृष्णाय नमः**

# श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

# निर्वाचन विनियमावली-२०७०

## (प्रथम संशोधन-२०८१)


श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

केन्द्रीय समिति

**श्री नवतनधाम, कागेश्वरी मनोहरा-८, काठमाडौं**

पो.व.नं.२२९ फोन नं.०१-५१४८२२२, मो.नं. ९७६५९७११७६



शुरु स्वीकृत भइ लागु भएको मिति २०७०।०९।३०

प्रथम संशोधन स्वीकृत भएको मिति २०८१।०५।३१

श्रीकृष्णाय नमः

# श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल
# निर्वाचन विनियमावली-२०७०

निर्वाचन विनियमावली शुरु-२०७०।०९।३०
प्रथम संशोधन लागु मिति २०८१।०५।३१

**प्रस्तावनाः**

श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको केन्द्रीय समिति तथा मातहत समितिमा प्रतिनिधित्व गर्ने पदाधिकारी तथा सदस्यहरूको निर्वाचन कार्यलाई नियमित र व्यवस्थित गर्न वान्छनीय भएकोले श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको विधान-२०२३ को दफा-४४ले दिएको अधिकार प्रयोग गरी विधान तथा श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको नियमावली-२०८० को अधिनमा रही यो निर्वाचन विनियमावली बनाई लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम तथा प्रारम्भः**

(क) यस विनियमावलीको नाम "श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल, निर्वाचन विनियमावली -२०७०" रहेको छ ।

(ख) यो विनियमावली केन्द्रीय समितिबाट स्वीकृत भइ साधारण सभाबाट अनुमोदन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "**ऐन**" भन्नाले संस्था दर्ता ऐन २०३४ सम्झनु पर्छ ।

(ख) "**संस्था**" भन्नाले श्रीकृष्ण प्रणामी सेवा समिति नेपाललाई सम्झनु पर्छ ।

(ग) " **समिति**" भन्नाले संस्थाको विभिन्न तहका समिति सम्झनु पर्छ ।

(घ) "**अध्यक्ष**" भन्नाले श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको केन्द्रीय समितिको अध्यक्ष सम्झनुपर्छ । सो शब्दले अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने व्यक्तिलाई समेत जनाउँदछ ।

(ङ) "**सदस्य**" भन्नाले संस्थाको विधान बमोजिम श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको विभिन्न तहका साधारणसभामा भाग लिन र मतदान गर्न योग्य केन्द्र, प्रदेश, जिल्ला समिति, मन्दिर तथा सत्संग इकाई वा संस्थागत सदस्य संस्थाको प्रतिनिधित्व गर्ने व्यक्ति बुझ्नु पर्छ ।

(च) "**निर्वाचन उपसमिति**" भन्नाले संस्थाको विभिन्न तहका समितिका पदाधिकारी तथा सदस्यहरूको निर्वाचनका लागि विनियम-४ बमोजिम गठीत निर्वाचन उपसमितिमा मनोनयन/नियुक्त व्यक्ति वा व्यक्तिहरूको निर्वाचन उप समितिलाई सम्झनु पर्छ ।

(छ) "**संयोजक तथा सदस्य**"भन्नाले समितिका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन कार्यका लागि गठीत निर्वाचन उपसमितिका संयोजक तथा सदस्यलाई सम्झनु पर्छ ।

(ज) “**मतदाता**” भन्नाले विधानको दफा १२ को उपदफा १/२/३ बमोजिम वार्षिक साधारण सभाको सदस्य कायम रहेका मताधिकार प्राप्त सबै सभासदहरू सम्झनु पर्छ।

(झ) “**मतपत्र**” भन्नाले निर्वाचन संयोजकले तोकेको ढाँचा बमोजिमको सदस्यले आफ्नो मत व्यक्त गर्नको लागि प्रयोग गर्ने मतपत्रलाई सम्झनु पर्छ।

(ञ) “**विधान**” भन्नाले श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको विधान-२०२३ (संशोधन समेतलाई) सम्झनु पर्छ।

(ट) “**नियमावली**” भन्नाले श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको नियमावली-२०८० ( संशोधन समेतलाई) सम्झनु पर्छ।

(ठ) **“निर्वाचन उपसमितिको कार्यालय”** भन्नाले निर्वाचन संयोजकले निर्वाचन गर्ने प्रयोजनका लागि तोकिदिएको ठाउँलाई सम्झनु पर्छ।

(ड) “**साधारण सभा**” भन्नाले संस्थाका तत्तत्त तहका सदस्यहरूको साधारणसभा सम्झनु पर्छ।

(ढ) **“अधिवेशन/महाधिवेशन”** भन्नाले संस्थाका इकाई तथा जिल्लाको हकमा तत्तत्त समितिको प्रत्येक ३ वर्षमा हुने नयाँ समिति गठन हुने वर्षको साधारणसभालाई अधिवेशन तथा केन्द्रीय समितिको प्रत्येक ३ बर्षमा नयाँ कार्य समिति गठन हुने बर्षको साधारण सभालाई महाधिवेशन सम्झनु पर्छ।

(ण) “नेतृत्व चयन (निर्वाचन) सहजीकरण समूह” भन्नाले संस्थाको विधानको आसय अनुसार सहमतीय प्रणालीवाट नेतृत्व चयनको प्रक्रियाको सहजीकरण गर्नका लागि गठित केन्द्र, जिल्ला तथा ईकाईहरुमा यसै विनियमावली अनुसार गठित समुहलाई सम्झनु पर्ने छ।

(त) “**अनुसूचि**” भन्नाले यस विनियमावलीमा उल्लेखित अनुसूचिलाई सम्झनु पर्छ।

## परिच्छेद-२
## नेतृत्व चयन निर्वाचन सम्बन्धी व्यवस्था

### ३. समितिका पदाधिकारी तथा सदस्यहरूको चयनः

### (क) केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरूको चयनः

संस्थाको केन्द्रीय साधारण सभामा विधानको दफा १२ को उपदफा ३ बमोजिम केन्द्रीय सभाको सदस्य कायम रहेका मताधिकार प्राप्त सबै सभासदहरूले एक व्यक्ति एक मतको हिसाबले मतदान गर्न पाउने छन् र प्रत्येक पदका उम्मेदवारलाई मतदान गर्ने अधिकार हुनेछ। केन्द्रीय पदाधिकारी तथा सदस्य पदको निर्वाचन गर्दा अवस्था अनुसार सबैको एकै पटक वा समूह बनाई पनि निर्वाचन गर्न सकिने छ। साथै क्षेत्रगत प्रतिनिधित्व हुने उपाध्यक्ष तथा सदस्यको चयनका लागि सम्बन्धित क्षेत्रका प्रतिनिधि सदस्यहरूले मात्र मतदान गर्न पाउने छन्।

### (ख) अन्य तहका समितिका पदाधिकारी तथा सदस्यहरूको चयन

संस्थाको केन्द्रीय समिति बाहेकका जिल्ला, तथा इकाई तहका कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको चयनमा तत्तत्त तहका साधारण सभाको सदस्य कायम रहेका सबै सभासदहरुले एक व्यक्ति एक मतको हिसाबले मतदान गर्न पाउने छन् र प्रत्येक पदका उम्मेदवारलाई मतदान गर्ने अधिकार हुनेछ।

## ४. निर्वाचन उपसमितिको गठन तथा काम कर्तब्य र अधिकार :

साधारण सभाद्वारा मतदान गराई कार्य समितिमा प्रतिनिधित्व गर्ने पदाधिकारी तथा सदस्य चयन गर्न प्रचलित कानून, संस्थाको विधान, नियमावली र यस निर्वाचन विनियमावलीको अधिनमा रही निर्वाचन गराउने कार्यका निमित्त सल्लाहकार समितिले साधारण सभाहुने मिति भन्दा कम्तिमा २१ दिन अगावै मतदानमा भाग नलिने एक जना निर्वाचन संयोजक र ४ जनासम्म सदस्य रहेको निर्वाचन उपसमिति तोक्ने छ । निर्वाचन उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ । जिल्ला, इकाई तहको हकमा निर्वाचन उपसमितिको गठन साधारण सभाको मिति भन्दा कम्तिमा १० दिन अघावै गर्नु पर्ने छ । सल्लाहकार समिति गठन नभएको अवस्थामा कार्य समितिले निर्वाचन उपसमिति गठन गरी साधारणसभामा अनुमोदन गारउनु पर्नेछ ।

(क) निर्वाचन कार्यक्रम प्रकाशित गर्ने ।
(ख) निर्वाचन प्रकृया तोक्ने तथा सम्भव भएसम्म सहमतीय प्रणालीबाट निर्वाचन सम्पन्न गराउने ।
(ग) निर्वाचनको परिणाम घोषणा गर्ने ।
(घ) यस विनियमावलीमा उल्लेखित अन्य काम गर्ने ।
(ङ) निर्वाचन सम्बन्धी अन्य आवश्यक कार्य गर्ने ।

## ५. मतदाताः

विधानको दफा १२ को उपदफा १/२/३ बमोजिम केन्द्रीय सभा तथा जिल्ला सभा र ईकाई सभाको सदस्य भएका मताधिकार प्राप्त सबै सभासदहरू तत्तत समितिको पदाधिकारी तथा सदस्य निर्वाचनमा विधानमा उल्लेख भए बमोजिम मतदान गर्न योग्य हुने छन् ।,

## ६. मतदाता नामावलीः

(क) केन्द्रीय निर्वाचन उपसमितिलाई केन्द्रीय सचिवालय समितिले र अन्य तहका निर्वाचन उपसमितिलाई तत्तत तहका कार्यसमितिका सचिवालयले महाधिवेशन/अधिवेसन हुने वर्षको भाद्र मसान्त भित्र केन्द्रीय सभामा भाग लिन पाउने प्रदेश, जिल्ला तथा इकाई र संस्थागत सदस्य समेतका अध्यक्ष एवं केन्द्रीय प्रतिनिधि एवं केन्द्रीय समितिका तर्फवाट हुने मनोनयन एवं विधानत सम्बन्धित सभामा भाग लिन पाउने सभासदहरुको नामावली मतदाता नामावलीको रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(ख) माथि उपदफा (क) मा उल्लेख भए अनुसारको मतदाता नामावलीमा संस्थाको विधान तथा केन्द्रीय समितिद्धारा तोकिएको मिति भन्दा पछि सम्वन्धित जिल्ला, इकाई तथा सदस्य संस्थाको साधारण सभा भई तोकिएका प्रतिनिधिहरुको नाम मतदाता नामावलीमा सामेल गरिने छैन । यस्ता प्रतिनिधिहरुले महाधिवेशनमा पर्यवेक्षकको रुपमा मात्र भाग लिन पाउने छन ।

(ग) सचिवालय समितिले केन्द्रीय कार्यालय तथा आवश्यकता अनुसार जिल्ला समिति वा सम्बन्धित इकाई समिति वा सदस्य संस्थासँग सम्पर्क गरी निर्वाचन हुने मिति भन्दा कम्तिमा १० दिन अगावै मतदाता (केन्द्रीय सभाका सदस्यहरू) नामावली तयार गरी हेर्न चाहनेका लागि उपलब्ध हुने गरी राख्नु पर्नेछ ।

(घ) मतदाताले मतदाता नामावली हेर्न चाहेमा बिगार्न, केरमेट गर्न नपाउने गरी निर्वाचन उपसमितिले आफ्नो कार्यालयमा टाँस गरी प्रकाशित गरेको सुचना पाटिमा हेर्न तथा मतदाता नामावली माग भइ आएमा निर्वाचन उपसमितिले विद्युतीय माध्यमबाट उपलब्ध गराउन सक्नेछ ।

(ङ) कुनै सदस्यको नाम त्रुटी भएमा निर्वाचन कार्यक्रममा प्रकाशित म्याद भित्र सदस्यले त्रुटी सच्याउनका लागि आवेदन दिन सक्नेछ र निर्वाचन उपसमितिले सदस्य नामावली भिडाई त्रुटी भएको रहेछ भने तदनुसार सच्याई दिनेछ ।

## ७. निर्वाचन कार्यक्रमको प्रकाशन :

निर्वाचन उपसमितिले समितिसँग समन्वय गरी कार्य समितिको निर्वाचन कार्यक्रम अनुसूचि नं. १ को ढाँचामा प्रकाशित गर्नेछ । यसरी निर्वाचन कार्यक्रम प्रकाशित गर्दा उम्मेदवारले दरखास्त दिने अन्तिम मिति निर्वाचन हुने मिति भन्दा कम्तिमा १०दिन अगाडि हुनुपर्नेछ ।

## ८. नेतृत्व चयन (निर्वाचन) सहजिकरण समूहः

(क) सेवा समितिको विधान-२०२३ तथा नियमावली-२०८० को आशय अनुरुप सेवा समितिको नेतृत्व चयन सहमतीय प्रणालीबाट गराउनको लागि केन्द्रीय तहको हकमा विधानद्वारा नेतृत्व चयनको प्रकृयाको जिम्मेवारी प्रदान गरिएका सल्लाहकार समिति, संरक्षक परिषद सचिवालय तथा विधान बमोजिम गठन गरिएको निर्वाचन उपसमितिका संयोजकहरु रहेको एक नेतृत्व चयन **(निर्वाचन)** सहजिकरण समूह रहने छ । यस समूहको मुख्य जिम्मेवारी सेवा समितिमा नेतृत्व चयनको प्रकृयालाई सर्वसम्मत ढंगवाट सञ्चालन गर्ने रहनेछ । जिल्ला तथा इकाइ तहको हकमा यस्तो सहजिकरण समहुहको आवश्यकता महशुस भएमा साधारणसभाले नेतृत्व चयन (निर्वाचन) सहजीकरण समूहमा स्थानीय निर्वाचन उपसमितिको संयोजक, सल्लाहकार समितिको संयोजक र एक जना केन्द्रीय समितिको प्रतिनिधि रहेकोबाट तीन जनाको सहजिकरण समुह बनाउन सक्नेछ ।

(ख) **विशेषाधिकार रहने :**
माथि नियम ८(क) अनुसारको नेतृत्व चयन **(निर्वाचन)** सहजिकरण समूहलाई यस विनियमावलीमा उल्लेख भएका निर्वाचन प्रकृयासँग सम्वन्धित व्यवस्थाहरुको कुनै विशेष कारण वा परिस्थितिवाट कार्यान्वयनमा अप्ठयारो पर्ने देखिएमा आवश्यक्ता अनुसार एक पटकको लागि वाधा अडकाउ फुकाउन आवश्यक निर्णय लिने विशेष अधिकार रहने छ ।

## ९. उम्मेदवारले दरखास्त दिने प्रकृया :

(क) केन्द्रीय समितिको पदाधिकारी वा सदस्य पदको उम्मेदवार हुन इच्छुक व्यक्तिले निर्वाचन अधिकृतद्वारा प्रकाशित निर्वाचन कार्यक्रममा तोकिएको मिति तथा समय भित्र कार्य समितिको पदाधिकारी वा सदस्य पदको निर्वाचन प्रयोजनका लागि खडा गरिएको निर्वाचन कार्यालयमा वा काठमाडौं बाहिर रहनु भएका उम्मेदवार हुन इच्छुक व्यक्तिले विद्युतीय माध्यमबाट निर्वाचन उपसमिति समक्षदसो व्यहोराको मनोनयनपत्र अनुसूचि-२(क) को ढाँचामा भरी एक जना मतदाता प्रस्तावक र एकजना मतदाता समर्थकको सही गराई मनोनयनपत्र दर्ता गराउनु पर्नेछ । साथै उम्मेदवार हुन इच्छुक व्यक्तिले अनुसूचि-२(ख) को ढाँचामा उम्मेदवार स्वघोषणा पत्र समेत भर्नु पर्नेछ ।

कुनै पदाधिकारी वा सदस्य पदको निर्वाचित हुने पद संख्या भन्दा बढी उम्मेदवारको उम्मेदवारीमा प्रस्तावक वा समर्थक बनेमा निजको प्रस्ताव वा समर्थनमा दर्ता भएको सम्पूर्ण उम्मेदवारी बदर हुनेछ ।

**उदाहरण** : कुनै सदस्यले प्रस्तावक वा समर्थक हुँदा एकमात्र पदाधिकारी वा सदस्य पदका लागि निर्वाचन हुनेमा एक जनाको मात्र र दुई जना निर्वाचित हुनेमा दुई जनासम्मको मात्र

तथा सो भन्दा वढी निर्वाचित हुनेमा त्यस्तो संख्यासम्मका लागि मात्र प्रस्तावक वा समर्थक बस्न पाइने छ ।

(ख) केन्द्रीय समितिमा उम्मेदवारी दिने उम्मेदवारले आफनो निवेदनसाथ निम्नानुसार निबेदन दस्तुर बुझाएको रसिद पेश गर्नु पर्नेछ ।

| | | |
|---|---|---|
| (१) | अध्यक्ष पदका उम्मेदवारले | रु.७,०००।- |
| (२) | उपाध्यक्ष पदका उम्मेदवारले | रु.५,०००।- |
| (३) | महासचिव पदका उम्मेदवारले | रु.४,०००।- |
| (४) | कोषाध्यक्ष पदका उम्मेदवारले | रु.४,०००।- |
| (५) | सदस्य पदका उम्मेदवारले | रु.२,०००।- |

(ग) उम्मेदवारहरूले आफ्नो नाम फिर्ता लिन चाहेमा नियम-७ बमोजिम प्रकाशित निर्वाचन कार्यक्रममा उल्लेख भएको समय सम्ममा फिर्ता लिन दरखास्त दिनु पर्नेछ र निर्वाचन उपसमितिका संयोजकले अनुमति दिएमा उल्लेखित अवधि पछि पनि उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्ने छ ।

(घ) जिल्ला तथा ईकाईको हकमा उम्मेदवारले दरखास्त दिने, नाम फिर्ता लिने प्रक्रिया तथा उम्मेदवारी दस्तुर स्थानीय निर्वाचन उपसमितिले तोकी सुचना जारि गरे अनुसारनै हुने छ ।

### १०. उम्मेदवारको योग्यताः

(क) पदाधिकारी वा सदस्य पदको उम्मेदवार हुनलाई संस्थाको विधान बमोजिम निजको योग्यता पुगेको हुनु पर्नेछ ।

(ख) विधान बमोजिम योग्यता पुगेको र प्रचलित कानुन बमोजिम बन्देज नलागेको सदस्य मात्र पदाधिकारी वा सदस्य पदको उम्मेदवार हुन पाउने छ ।

### ११. उम्मेदवारको दरखास्त रद्द हुनेः

निम्न अवस्थामा उम्मेदवारी रद्द हुनेछ

(क) संस्थाको विधान-२०२३ तथा नियमावली-२०८० बमोजिम आवश्यक योग्यता र मापदण्ड नपुगेको भएमा,

(ख) प्रस्तावक र समर्थक संस्थाको सदस्य नभएमा,

(ग) पदाधिकारी वा सदस्य पदको उम्मेदवार हुन नपाउने भनि गरिएको दाबी विरोध प्रमाणित भएमा ।

## परिच्छेद-३
## मतदान सम्बन्धी व्यवस्था

### १२. उम्मेदवारको नामावली प्रकाशनः

निर्वाचन कार्यक्रममा तोकिएको मिति तथा समय भित्र दर्ता भएका मनोनयनपत्रहरूको जाँचबुझ गरी अनुसूचि-३ को ढाँचामा उम्मेदवारहरूको प्रथम नामावली निर्वाचन उपसमितिको कार्यालय र संस्थाको सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

### १३. उम्मेदवारको दाबी विरोधः

(क) नियम १२ बमोजिम प्रकाशित उम्मेदवारको सूचिमा उल्लेखित व्यक्तिको उम्मेदवारी सम्बन्धमा कुनै उम्मेदवार वा सदस्यले दाबी विरोध वा उजुरी दिन चाहेमा अनुसूचि-४ को ढाँचामा दाबी विरोध वा उजुरी दिन सक्ने छन् ।

(ख) दाबी विरोध वा उजुरी परेमा सम्बन्धित उम्मेदवारलाई सफाईको मौका दिई छानविन गरी निर्वाचन उपसमितिका संयोजकले निर्णय दिनु पर्नेछ र निजको निर्णय अन्तिम हुनेछ ।

## १४. उम्मेदवारको प्रशिक्षण :

केन्द्रीय निर्वाचन प्रकृयामा नेतृत्व लिन उम्मेदवारी दिइएका सुन्दरसाथ प्रतिनिधिहरुलाई निर्वाचन प्रकृया तथा केन्द्रीय नेतृत्वको जिम्मेवारी तथा नैतिक दायित्व वारे सूसूचित गराउनका लागि संरक्षक परिषद सचिवालयले निर्वाचन उपसमितिसँग समन्वय गरी महाधिवेशन भन्दा अगावै एक प्रशिक्षण कार्यक्रमको आयोजना गर्नेछ । उम्मेदवारी दरखास्त प्रस्तुत गरेका सवै महानुभावहरुले यो प्रशिक्षणमा अनिवार्य भाग लिनु पर्नेछ । यस्तो प्रशिक्षण कार्यक्रम आबस्यक देखिएमा प्रदेश समन्वय समितिले संरक्षक परिषद सचिवालय समक्ष यसका लागि अनुरोध गर्न सक्ने छ तथा सरक्षक परिषदले सभव भए सम्म जिल्ला ईकाईका लागि प्रदेश स्तरीय प्रशिक्षण कार्यक्रम संचालन गर्ने छ ।

## १५. सहमतीका लागि छलफल :

सहमतीय प्रणालीवाट नेतृत्व चयनका लागि नेतृत्व चयन **(निर्वाचन)** सहजिकरण समूहले नेतृत्वका लागि ईच्छुक देखिएका (उम्मेदवारि दिएका) उम्मेदवारहरूसँग छलफलको प्रकृया चलाउन सक्नेछ । यसरी आयोजना गरिएको छलफल प्रकृयामा भाग लिन बोलाइएका उम्मेदवारीका लागि इच्छुक व्यक्तिहरुले अनिवार्य रुपमा भाग लिनु पर्नेछ ।

## १६. नाम फिर्ता लिनेः

पदाधिकारी वा सदस्य पदको उम्मेदवार हुनका लागि दरखास्त दिने व्यक्तिले आफै उपस्थित भई वा प्रतिनिधिद्वारा आफ्नो नाम फिर्ता लिन चाहेमा निर्वाचन कार्यक्रममा तोकिएको समय भित्र अनुसूचि-५ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ र त्यसरी दरखास्त पर्न आएमा निर्वाचन अधिकृतले निजको नाम उम्मेदवारको नामावली सूचिबाट हटाउने छ ।

## १७. उम्मेदवारको अन्तिम नामावली प्रकाशनः

दाबी विरोध माथि निर्णय भएपछि र नामावली फिर्ता लिने समय समाप्त भएपछि निर्वाचन कार्यक्रममा उल्लेखित म्यादमा उम्मेदवारको अन्तिम नामावली अनुसूचि-६ को ढाँचामा निर्वाचन उपसमितिको कार्यालय वा संस्थाको सूचना पाटीमा प्रकाशित गरिने छ ।

## १८. निर्विरोध घोषित गर्नेः

उम्मेदवारको संख्या निर्वाचन गरिने पदको संख्या भन्दा घटी भएमा वा वरावर मात्र भएमा उम्मेदवारी दर्ता गर्ने उम्मेदवार निर्विरोध भएको भनि निर्वाचन उपसमितिका संयोजकले घोषणा गर्नेछ ।

## १९. निर्वाचन प्रकृयामा जाने :

कुनै पदमा सहमतीमा पुग्न नसकी मतदानमा जानु पर्ने अवस्था आएमा निर्वाचन उपसमितिले प्रचलित प्रकृया अनुसारको मतदान प्रकृया निर्धारण गरी मतदान प्रकृया सञ्चालन गर्नेछ । तर नेतृत्व चयन सहजीकरण समुह र निर्वाचन उप समितिलाई नेतृत्व चयन सहजीकरणका लागि थप कुनै विशेष प्रयासबाट सहमतिमा पुग्न सकिने भन्ने संयुक्तरुपले लागेमा त्यस्तो सहमति हुन बाँकी पदको चयन प्रक्रिया रद्द गरि ४ महिना भित्र पुनः नेतृत्व चयनको प्रक्रियामा गई

पदपूर्ति निर्णय गर्न सक्ने छ । यदि सम्पुर्ण कार्य समिति वा ५०% भन्दा बढि पदहरुमा सहमति हुन नसकेको अबस्थामा नेतृत्व चयन सहजीकरण समुह र निर्वाचन उप समितिले संयुक्त निर्णय गरि अहिलेको निर्वाचन प्रक्रिया रद्द गरि बर्तमान कार्यसमितिलाई 'काम चलाउ समिति' को रुपमा कायम राखी बढिमा ४ महिना भित्र पुन: नेतृत्व चयनको प्रक्रियामा गई नेतृत्व चयन गर्ने निर्णय गर्न सक्ने छ । तर दोश्रो पटकको प्रयासमा पनि सहमतिमा पुग्न न सकिएमा निर्वाचन उपसमितिले मतदान द्वारा पदपूर्ति गर्ने प्रक्रिया अबलम्बन गरि नेतृत्व चयन गर्नु पर्ने छ । यो प्राबधान नयाँ कार्यसमितिको चयनगर्दा एक पटकका लागी मात्र प्रयोग गर्न सकिने छ ।

## परिच्छेद-४
## मत गणना र निर्वाचन परिणाम घोषणा तथा प्रशिक्षण

### २०. मतगणना र निर्वाचन परिणामको घोषणा:

(क) नियमानुसार मतदान सकिएपछि प्रचलित प्रकृया बमोजिम यथासिघ्र निर्वाचन उपसमितिले मतगणना गर्नुपर्दछ ।

(ख) प्रचलित प्रकृया वमोजिम सम्पन्न निर्वाचन प्रकृयाको मतगणना लगाएतका कार्य सम्पन्न गरी निर्वाचन उपसमितिले निर्वाचन परिणामको घोषणा गर्नेछ ।

(ग) मतदान भएको अवस्थामा मतदान प्रकृया वारे वा घोषित निर्वाचन परिणाम वारे कसैलाई उचित कारण सहित चित्त नबुझेमा निर्वाचन उपसमिति समक्ष निवेदन दिन सक्नेछ । यसरी प्राप्त निवेदन उपर निर्वाचन उपसमितिले निर्वाचन सहजिकरण समूह समेतको समन्वयमा आवश्यक निर्णय लिनु पर्नेछ ।

**(घ) प्रशिक्षण कार्यक्रम** :

नव निर्वाचित केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरुको प्रशिक्षण केन्द्रीय समितिको निर्वाचन प्रकृया सम्पन्न भई नयाँ कार्य समिति गठन भए लगत्तै संरक्षक परिषद सचिवालयले सल्लाहकार समितिको सहयोगमा नव गठित केन्द्रीय समितिका लागि एक कार्य जिम्मेवारी प्रशिक्षण कार्यक्रमको आयोजना गर्नेछ । नव गठित केन्द्रीय समितिका सबै पदाधिकारी सदस्यहरुले यो प्रशिक्षण कार्यक्रममा अनिवार्य रुपमा भाग लिनु पर्नेछ । यस्तो प्रशिक्षण कार्यक्रम जिल्ला ईकाइ तहमा आवश्यक देखिएमा प्रदेश समन्वय समितिले संरक्षक परिषद सचिवालय समक्ष यसका लागिअनुरोध गर्न सक्ने छ तथा सरक्षक परिषदले सभव भए सम्म जिल्ला ईकाईका लागि प्रदेश स्तरीय प्रशिक्षण कार्यक्रम संचालन गर्ने छ । यो प्रशिक्षण कार्यक्रमको अन्तमा नव गठित केन्द्रीय समितिलाई सपथ ग्रहण तथा निर्वाचित भएको प्रमाण पत्र समेत प्रदान गरिने छ ।

**(ङ) बर बुझारथ**

सपथ ग्रहण लगत्तै नव निर्वाचित समितिका महासचिव/सचिवलाई निवर्तमान महासचिव/सचिवले समिति तथा साधारणसभाका हालसम्मका माइन्युट, प्रगति प्रतिवेदन, कानूनी कागजात जस्तै जग्गाको लालपूर्जा, पूजारी, कर्मचारी नियुक्तिपत्र, भाडा एवम् करारका कागजात हस्तान्तरण गर्नुपर्नेछ भने नव निर्वाचित समितिका कोषाध्यक्षलाई निवर्तमान कोषाध्यक्षले समितिको हालसम्मका लेखापरीक्षण भएका वार्षिक आर्थिक विवरणहरु, आ.व.समाप्त भएपछि अधिवेशन/महाधिवेशन हुने अघिल्लो दिनसम्मको सन्तुलन परीक्षण विवरण, बैंकखाताको विवरण, मौज्दात देखिने बैंक स्टेटमेण्ट, नगद मौज्दात, जिन्सी विवरण तथा लिनबाकि दिनबाकि विवरण र अक्षयकोषको विवरण हस्तान्तरण गरी बरबुझारथ पत्रमा लिने दिने व्यक्तिले हस्ताक्षर

गरि एकप्रति लिनेदिने गर्नुपर्दछ । जिल्ला तथा इकाईको हकमा पुरानो कार्यसमितिले नयाँ समितिलाई उपरोक्त अनुसारको बरबुझारथ गर्नु पर्ने छ ।

## परिच्छेद-५
## विविध

**२१. सम्पर्क :**

निर्वाचन उपसमितिले कार्य समितिसँग सम्पर्क राख्दा केन्द्रीय समितिको अध्यक्ष वा महासचिव मार्फत राख्नु पर्नेछ । यसैगरी सल्लाहकार समिति र संरक्षक परिषद सचिवालय संग सम्पर्क गर्नुपर्दा सम्बन्धित संयोजकसंग गर्नु पर्नेछ । जिल्ला तथा इकाईको हकमा स्थानीय निर्वाचन उप समितिले सम्बन्धित समितिको अध्यक्ष वा सचिव मार्फत राख्न सक्ने छ । कुनै कुरा दुविदा भएमा केन्द्रीय अध्यक्ष/महासचिव समक्ष राय सल्लाह लिन सकिने छ ।

**२२. निर्वाचन कार्यालय :**

निर्वाचन संयोजकले निर्वाचन प्रयोजनका लागि उपयुक्त स्थानमा अस्थायी मुकाम समेत खडा गरी निर्वाचन सम्बन्धी कार्य गर्नका लागि कार्यालय खडा गर्न सक्नेछ र आवश्यक्तानुसार सहयोगी कर्मचारी तथा स्वयम् सेवकहरु नियुक्त गर्न सक्नेछ ।

**२३. अधिकार प्रत्यायोजन :**

यस विनियमावली बमोजिम निर्वाचन संयोजकले आफुलाई प्राप्त अख्तियारी निर्वाचन उपसमितिका कुनै सदस्यलाई समानान्तर रूपमा प्रयोग नहुने गरी प्रत्यायोजन गर्न सक्ने छ । तर निर्वाचन संयोजकले अख्तियारी प्रत्यायोजन गरेको कारणबाट निर्वाचन संयोजक आफैले यस विनियमावली बमोजिमको काम कारवाही गर्न कुनै बाधा पर्ने छैन ।

**२४. विनियमावलीको व्याख्या गर्ने अधिकारः**

यस विनियमावलीको व्याख्या गर्ने अधिकार केन्द्रीय कार्य समितिको अध्यक्षलाई हुनेछ र अध्यक्षले गरेको व्याख्या नै अन्तिम हुनेछ । निर्वाचन प्रकृया शुरु भै कार्य समिति विघटन रहेको अवस्थामा निर्वाचन उपसमितिको संयोजकले सभाको परामर्श लिई ब्याख्या गर्न सक्नेछ ।

**२५. विनियमावलीमा संशोधनः**

यस विनियमावलीमा संशोधन गर्ने थपघट गर्ने अधिकार केन्द्रीय कार्य समितिलाई हुनेछ र यसरी थपघट वा संशोधन गर्दा सल्लाहकार समिति तथा संरक्षक परिषद सचिवलायसँग आवश्यक परामर्श लिन सक्ने छ । सो अनुसारको प्रस्ताव अनुमोदनका लागि साधारणसभामा पेश गरी निर्णय भए बमोजिम हुने छ । यस विनियमावलीमा कुनै संशोधन गर्न पर्दा महाधिवेशन गरिने अघिल्लो बर्ष गरि सक्नु पर्नेछ ।

**२६. निर्वाचन उपसमितिलाई निर्देशन दिन सक्नेः**

संस्थाको नेतृत्व चयनको प्रकृया आपसी सदभाव र समझदारीका साथ सम्पन्न गराउने सम्बन्धमा निर्वाचन उपसमितिलाई निर्वाचन प्रकृया वारे यस विनियमावलीको नियम ८(क) मा व्यवस्था भए अनुसारको नेतृत्व चयन सहजिकरण समूहले आवश्यक निर्देशन दिन सक्नेछ ।

**२७. निष्पक्षता कायम गर्नेः**

समितिको निर्वाचन प्रकृयामा निर्वाचन सहजिकरण प्रकृयामा रहेका व्यक्तिहरु तथा निर्वाचन उपसमितिमा रहेका व्यक्ति तथा सहयोगीहरुले कुनै पनि उम्मेदवारको प्रस्तावक वा समर्थक वस्ने, कुनै उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार प्रसार गर्ने वा निर्वाचन प्रकृयाको निश्पक्षता विपरित हुने कार्य गर्न गराउन पाउने छैन ।

**२८. जिल्ला समिति तथा इकाइ समितिको निर्वाचन व्यवस्था :**

श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको विधान र नियमावली अनुरूप गठित जिल्ला समिति तथा इकाई समितिको कार्य समितिको निर्वाचनको व्यवस्था का सम्बन्धमा यस विनियमावलीमा व्यवस्था भएबाहेकका बिषयमा सेवा समितिको विधान, नियमावली तथा यस विनियमावलीको विपरित नहुने गरि सम्बन्धित जिल्ला वा इकाई समितिको निर्वाचन उपसमिति ले तोके बमोजिम हुनेछ ।

**२९. खारेजी तथा बचाउ :**

(क) यो विनियमावली पारित भएको मितिदेखि यस भन्दा अघि समय समयमा जारी गरिएका विभिन्न नियमावली, निर्देशिका तथा कार्यविधि खारेज भएको मानिने छ ।

(ख) यस भन्दा अघि कायम रहेको नियमावली, निर्देशिका तथा कार्यविधि खारेज भई यो विनियमावली लागू भएपछि तत्काल कायम रहेको नियमावली बमोजिम भए गरेका कार्यहरु यसै विनियमावली अनुसार भए गरेको मानिने छ र श्रीकृष्ण प्रणामी सेवा समिति नेपालले गरिरहेका कामहरू सो नियमावली, निर्देशिका तथा कार्यविधि खारेज नभए सरह चालु रहनेछ ।

॥ प्रणाम ॥

अनुसूचि विवरण : :

निर्वाचन उपसमितिले समति छनौट तथा निर्वाचन प्रकृयामा निम्न अनुसूचिहरु प्रयोग गर्नेछन :

| | | |
|---|---|---|
| अनुसूचि | -१ | निर्वाचन कार्यक्रमको सूचना |
| अनुसूचि | -२(क) | उम्मेदवारको मनोनयन पत्र |
| अनुसूचि | -२(ख) | उम्मेदवार स्वघोषणा पत्र (उम्मेदवारले भर्ने) |
| अनुसूचि | -३ | उम्मेदवारको प्रथम नामावली प्रकाशनको सूचना |
| अनुसूचि | -४ | दाबी विरोध पत्र (उम्मेदवार) |
| अनुसूचि | -५ | नाम फिर्ता लिएको सूचना |
| अनुसूचि | -६ | उम्मेदवारको अन्तिम नामावली |
| अनुसूचि | -७ | वारेसनामा |
| अनुसूचि | -८ | मतगणना सुरु भएको मुचुल्का |
| अनुसूचि | -९ | मतगणना फाराम |
| अनुसूचि | -१० | मतगणना समाप्त भएको मुचुल्का |
| अनुसूचि | -११ | निर्वाचन परिणामको घोषणा |
| अनुसूचि | -१२ | निर्वाचित प्रमाण पत्र |

सेवा समितिको नियमावलीको अनुसूचि २(क)-सपथ ग्रहण ।

॥ प्रणाम ॥

**अनुसूचि-१**

# श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

## ........... समितिका पदाधिकारी तथा सदस्य निर्वाचन

## निर्वाचन उपसमितिको कार्यालय

निर्वाचन (नेतृत्व चयन) कार्यक्रमको सूचना

श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको .................. समितिमा मिति .................. मा हुने .....औं बार्षिक साधारणसभा तथा .....औं महाधिवेशन/अधिवेशनको तर्फबाट प्रतिनिधित्व गर्ने ..... जना कार्य समिति पदाधिकारी सदस्य पदको नेतृत्व चयन प्रयोजनको लागि तपसिल बमोजिमको निर्वाचन (नेतृत्व चयन) कार्यक्रम निर्धारण गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | कार्यक्रम | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १ | प्रतिनिधि नामावली प्रकाशन गर्ने | | | |
| २ | प्रतिनिधि नामावलीमा दाबी विरोध गर्ने | | | |
| ३ | प्रतिनिधि नामावलीमा छानविन गरी अन्तिम प्रतिनिधि नामावली प्रकाशित गर्ने | | | |
| ४ | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | | | |
| ५ | मनोनयन पत्र दर्ता भएका आकाक्षि उम्मेदवारको सूची प्रकाशित गर्ने | | | |
| ६ | उम्मेदवारीको विरोधमा उजुरी दिन सक्ने | | | |
| ७ | उम्मेदवारको मनोनयनपत्रको जाँच र उजुरी उपर निर्णय गरी नामावली प्रकाशित गर्ने | | | |
| ८ | उम्मेदवार प्रशिक्षण कार्यक्रम | | | |
| ९ | उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्ने | | | |
| १० | उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने | | | |
| ११ | नेतृत्व चयनको प्रकृया संचालन गर्ने | | | |
| १२ | परिणाम घोषणा, तथा शपथग्रहण | | | |
| १३ | नवगठित केन्द्रीय समितिका लागि पदीय मर्यादा तथा कार्य जिम्मेवारी प्रशिक्षण | | | |
| १४ | प्रमाण पत्र वितरण | | | |

........................

मितिः............................ संयोजक

निर्वाचन उपसमिति

**अनुसूचि - २(क)**

## उम्मेदवारको मनोनयन पत्र

**(उम्मेदवारले भर्ने)** मिति : ........................

श्री संयोजकज्यु
...............समितिका पदाधिकारी सदस्य निर्वाचन,
निर्वाचन उपसमितिको कार्यालय
श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल ............ ।

यस उपसमितिको सुचना बमोजिम मिति ........................ मा हुन गइरहेको यस श्रीकृष्ण प्रणामी सेवा समितिको ....औं बार्षिक साधारणसभा (.......औं अधिवेशन) मा गठन हुने...............समितिको नेतृत्व चयन प्रकृयामा म आफूलाई योग्य उम्मेदवार ठानी निर्वाचन कार्यविधि बमोजिम उम्मेदवारी शुल्क बापत रु............... जम्मा गरेको रसिद/भौचर यसैसाथ राखी ......................... पदमा निम्न सदस्यहरुले प्रस्ताव तथा समर्थन गर्नु भएकोले यो उम्मेदवारीको मनोनयन पत्र दाखिला गरेको छु, । मैले श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको विधान तथा विनियमावली राम्ररी अध्ययन गरेको छु । यो पदमा काम गर्न नपाउने गरी कुनै सजाय तथा संस्थाको सम्पति हिनामिना गरेको छैन, सेवा समितिको विधानको दफा-१७ तथा दफा-३८ र नियमावली-२०८० को नियम ५ तथा नियम ९ बमोजिम योग्यता पुगेको र उक्त पदमा छनौट भएमा निष्टापूर्वक सेवा गर्ने प्रतिबद्धता गर्दै कार्य समितिको नेतृत्व चयन प्रकृयामा मेरो निवेदन समावेश गरि पाऊन अनुरोध गर्दछु । प्रणाम ।

पद : ........................... मतदाता क्रमसंख्या नं. :..........
उम्मेदवारको नामःश्री .................................................. दस्तखत : .....................
जन्म मिति : ............................ बर्ष ........... लिङ्ग................
स्थायी ठेगाना : ............... प्रदेश ............ जिल्ला ..................... .न.पा/गा.पा..वार्ड नं. ..... टोल ...................... हालको बसोबास ....................................................
उम्मेद्वारको बुवाको नाम : .................................... बाजेको नामः ..........................
पति/पत्निको नाम : ........................................सम्पर्क मोबाइल नं. ......................
इमेल ......................................................... बैकल्पिक सम्पर्क नं...........................

श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको........................समितिको ........................पदको नेतृत्व चयनको लागि माथि उल्लेख गरिएका श्री ....................................... लाई म उम्मेदवारको रूपमा प्रस्ताव गर्दछु ।

प्रस्तावक सदस्यको नाम श्री................................................. दस्तखत : ......................
ठेगाना : ............................. सम्पर्क नं. ........................... मतदाता क्रमसंख्या नं. : .........

प्रस्तावक श्री ....................................... ले प्रस्ताव गरे बमोजिम श्री ...................... ................ लाई ...................... ...... पदको उम्मेदवारको रूपमा म समर्थन गर्दछु ।
समर्थक सदस्यको नाम श्री................................................ दस्तखत : .......................
ठेगाना : ............................ सम्पर्क नं. .......................... मतदाता क्रमसंख्या नं. : ........

निर्वाचन उपसमितिको प्रयोजनको लागी :
................................................................................

संयोजक निर्वाचन उपसमिति

**अनुसूचि - २(ख)**

**श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल**

**सल्लाहकार समिति/संरक्षक परिषद् सचिवालय/निर्वाचन उपसमिति समक्ष पेश**

**उम्मेदवार स्वःघोषणा पत्र**

फोटो

१ (क) उम्मेदवारी दिन चाहेको पदः- केन्द्रीय/जिल्ला समिति/इकाई समितिको ......................

(ख) उम्मेदवारको नामः .............................. ठेगानाः...................................

उमेरः............... लिङ्गः..................... नागरिकता प्रमाणपत्र नं:...................

सम्वन्धित मन्दिरः.............................. शैक्षिक योग्यताः...........................

व्यवसायः.........................................

अन्य सम्वद्ध संस्था........................

२. मैले श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको विधान-२०२३ (आठौं संशोधन सहित) र सेवा समितिको नियमावली-२०८० राम्रोसंग अध्ययन गरेको छु र मलाई यस संस्थाको धार्मिक तथा संस्थागत पद्धति, विधानमा उल्लेखित उद्देश्य र कार्य बारे प्रष्ट जानकारी छ ।

३. संस्थाको नेतृत्व चयन लगायत संस्थाको नामबाट हुने सबै काम कारवाहीहरु सहमतीय प्रणालीबाट सम्पन्न हुने/गरिने सिद्धान्त प्रति म प्रष्ट छु र त्यसप्रति मन, वचन र कर्मले कटिवद्धता प्रकट गर्दछु ।

४. मैले उम्मेदवारी दिन चाहेको पदको लागि विधानमा उल्लेखित काम, कर्तव्य, अधिकार तथा निर्देशिका कार्यविधी, नियामावली, र संस्थाको आधिकारीक बैठकले जारी गरेको परिपत्र र मेरो पदका लागी पारित गरेको निर्णयमा उल्लेखित तोकिएको जिम्मेवारीहरुको म पूर्ण पालना गर्नेछु । उपरोक्त कार्य गर्नको लागि म मानसिक, शारिरिक, बौद्धिक र भावनात्मक रूपले पूर्ण सक्षम छु भन्ने कुरा प्रकट गर्दछु ।.

५. श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको केन्द्रीय/प्रदेश संमन्वय समिति/जिल्ला समिति/इकाई समितिको..........................पदमा म चयन भएमा पदीय मर्यादा र अनुशासनको पालना गर्दै कार्यरत रहँदा सामुहिक कार्यशैली (टिमवर्क) लाई पुर्ण आत्मसात गर्दै एकवद्ध भई आपसी सम्मान र सद्भाव सहित कार्यरत रहनेछु ।

६. यस संस्थाको गरिमा, सम्मान र प्रगतिमा वाधा पुग्ने कुनै पनि कार्य म बाट हुने छैन । पदीय आचार संहिता र महामति श्री प्राणनाथजीद्धारा प्रतिपादित रेहनीको म पूर्ण रुपमा पालना गर्नेछु ।

७. सद्गुरु श्री देवचन्द्रजी महाराज, महामति श्री प्राणनाथजी महाराज, श्रीकृष्ण प्रणामी धर्म (निजानन्द संप्रदाय) को पद्धती, सिद्धान्त, श्रीकृष्ण प्रणामी सेवा समिति नेपालका वर्तमान प्रमुख संरक्षक आद्यधर्मपीठ श्री ५ नवतनपुरीधामका गद्धिनशिन श्रीकृष्ण प्रणामी धर्माचार्य अन्नत श्री विभूषित महाराजश्री प्रति मेरो उच्च सम्मान, मर्यादा, आस्था र समर्पण अविचल रहने छ साथै तीन पुरी र धामप्रति यथायोग्य, आस्था, सम्मान, सेवा अटुट रहने प्रतिवद्धता प्रकट गर्दछु ।

८. संस्थाको नेतृत्व चयनको क्रममा संस्थाको सर्वोपरी हितका लागि सामुहिक भावना र सहमतिका लागि म सदा तत्पर रहने छु । यस सन्दर्भमा संरक्षक परिषद् सचिवालय, केन्द्रीय सल्लाहकार समिति तथा निर्वाचन उपसमितिले दिने सुझाव तथा निर्देशनहरु र निर्णयहरूको विना कुनै संकोच पालना गर्नेछु ।

९. आगामि कार्यकाल भरि लामो अवधिकालागि नेपाल बाहिर रहने मेरो कुनै योजना न रहेको र त्यस्तो अबस्था आएमा आफु रहेको पदवाट राजिनामा गरि समय दिनसक्ने सुन्दरसाथलाई विधान अनुसार पदपूर्ति गर्ने बाटो प्रसस्त गर्ने छु । साथै समितिको आधिकारीक बैठकहरुमा लगातार ३ पटक भन्दा बढी अनुपस्थित रहेमा पदबाट राजिनामा दिई समितिलाई पदपूर्ति गर्न सहज बनाउन म राजी छु ।

१०. वर्तमान पदाधिकारीहरुले यस संस्थाको निर्वाचनमा भाग लिन वा अवधि समाप्त भई पदमा वहाल नरहेको अवस्थामा समेत आफुले प्रतिवद्धता जनाएको रकम संस्थालाई अनिवार्य रुपमा बुझाउन म राजी छु ।

११. म पदमा वहाल रहेको वा नरहेको अवस्थामा समेत संस्थाको गुरुगादी परम्परा, विधानको प्रावधान, संस्थागत आचारसंहिता र संस्थागत हित विपरित सामाजिक सञ्जाल, अभिभाषण साथै कुनै पनि सार्वजनिक संचार माध्यममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै लेख/विचार प्रस्तुत गर्नु हुँदैन भन्ने कुरामा म सचेत छु । गोपनीयता भंग हुने काम गर्ने छैन ।

१२. श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको केन्द्रीय/ प्रदेश संमन्वय समिति/ जिल्ला समिति/इकाई समितिको सचिवालय/समितिको कार्यालय सञ्चालनको लागि ....................पदमा म निवार्चित/छनैट भएमा बार्षिक सहयोग स्वरुप रु.................... (अक्षरेपी रु........... ...... ..... ...... ...................) निर्वाचित भई आह्वान गरिएका पहिलो/दोश्रो बैठकमा अनिवार्य अग्रिम जम्मा गर्ने छु र दोश्रो र तेश्रो वर्षको प्रत्येक आषाढ मसान्त भित्र बुझाउन म राजी छु ।

उपरोक्त विवरण मैले पढी बुझी आफैले भरेको हुँ । प्रणाम ॥

भवदीय
दस्तखत .................
नाम : ..........................
मिति : ..........................
आकाक्षी पदः ......................
सम्पर्क नंः ..........................

नोटः यो विवरण साथ नागरिकता प्रमाणपत्रको प्रतिलिपी १ थान र २ थान पासपोर्ट साइजको फोटो संलग्न गनुपर्नेछ ।

**अनुसूचि - ३**

# श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

## .............समितिका पदाधिकारी तथा सदस्य निर्वाचन

## निर्वाचन उपसमितिको कार्यालय

**उम्मेदवारको प्रथम नामावली प्रकाशनको सूचना**

| क.सं. | उम्मेदवारको विवरण | | | | | मतदाता क्रम संख्या | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | पद | नाम, थर | पिता/पतिको नाम | उमेर | लिङ्ग | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

मितिः

**संयोजक**
**निर्वाचन उपसमिति**

**अनुसूचि-४**

**दाबी विरोध पत्र (उम्मेदवार)**

श्री संयोजकज्यु
...............समितिका पदाधिकारी सदस्य निर्वाचन,
निर्वाचन उपसमितिको कार्यालय
श्रीकृष्ण प्रणमी सेवा समिति नेपाल ......... ।

महोदय,
श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको..............समितिको पदाधिकारी तथा सदस्य पदको निर्वाचन/छनौट प्रकृयामा उम्मेदवार हुनका लागि दर्ता नं. ........... मा मनोनयन पत्र दर्ता भएका श्री ................................................. निम्न लिखित कारणले उम्मेदवार हुन अयोग्य भएकोले निजको उम्मेदवारी खारेज गरी पाउन अनुरोध गर्दछु । प्रणाम ।

**उजुरीको कारण**

.........................................................................................................................

मितिः सहीः

समयः नामः

ठेगानाः

मतदाता सङ्केत नं.

उम्मेदवार वा उम्मेदवारको वारेस ....

सम्पर्क नं. ................................

**(निर्वाचन उपसमितिले भर्ने)**

यो उजुरी मिति ................... का दिन ....... बजे मनोनित र उम्मेदवार मनोनित र उम्मेदवारको वारेस श्री ............................................... ले मेरा समक्ष दाखिल गरेको हो ।

मितिः सहीः

निर्वाचन संयोजक/सदस्य

**निर्णय**

माथि उल्लेख गरे बमोजिमको सूचनाको व्यहोरामा सत्यता भएकोले/नभएकोले श्री.......................... को नाम उम्मेदवारीबाट हटाउने/ नहटाउने निर्णय गरियो ।

मितिः सहीः

निर्वाचन संयोजक

## अनुसूचि-५
## नाम फिर्ता लिएको सूचना

श्री संयोजकज्यु
................ समितिका पदाधिकारी सदस्य निर्वाचन,
निर्वाचन उपसमितिको कार्यालय
श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल .............. ।

श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको...................... समितिको पदाधिकारी तथा सदस्य पदको निर्वाचन/छनौट प्रकृयामा उम्मेदवार हुन मैले मनोनयन पत्र दर्ता गरेकोमा निर्वाचनमा उम्मेदवार हुन हाल मेरो इच्छा नभएकोले आफ्नो राजीखुशीले यो उम्मेदवारीबाट हट्न यो निवेदन पेश गरेको छु। प्रकृयाबाट मेरो निबेदन हटाइ पाउ। प्रणाम।

पद　　सही:

मतदाता क्र.सं.　　नाम, थर:

मिति:　　ठेगाना

सम्पर्क नं. ................................

### निर्वाचन उपसमितिले भर्ने

यो सूचना मिति...........................का दिन दिनको...............बजे म समक्ष दाखिला भएको हो।

मिति:

सही:

समय:　　निर्वाचन संयोजक/सदस्य

### निर्णय

माथि उल्लेख गरे बमोजिमको सूचनाको व्यहोरामा सत्यता भएको/नभएकोले श्री............................ को नाम हटाउने/नहटाउने निर्णय गरियो।

मिति:

सही:

समय:　　निर्वाचन संयोजक

**अनुसूचि - ६**

## श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल
## .............समितिका पदाधिकारी तथा सदस्य निर्वाचन
### निर्वाचन उपसमितिको कार्यालय

**उम्मेदवारको अन्तिम नामावली**

श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको .................. समितिको पदाधिकारी तथा सदस्य पदको उम्मेदवार भएकाहरू मध्ये देहायका व्यक्तिहरूको उम्मेदवारी रहने गरी अन्तिम नामावली प्रकाशित गरिएको छ ।

| क.सं. | उम्मेदवारको विवरण | | | | | मतदाता क्रम संख्या | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | पद | नाम, थर | पिता/पतिको नाम | उमेर | लिङ्ग | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

मिति:

**संयोजक**
**निर्वाचन समिति**

**अनुसूचि-७**

**वारेसनामा**

श्री संयोजकज्यु
.........समितिका पदाधिकारी सदस्य निर्वाचन,
निर्वाचन उपसमितिको कार्यालय
श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल ।

महोदय,
श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको...................समितिको पदाधिकारी तथा सदस्य पदको निर्वाचनका लागि उम्मेदवारी दर्ता गर्न र उम्मेदवारी फिर्ता लिन, निर्वाचन प्रकृयामा भाग लिन प्रतिनिधिको रूपमा श्री ........................................... लाई वारेस मुकरर गरेको छु । निजले गरेको काममा मेरो मन्जूरी छ । प्रणाम ।

सहीः

नाम, थरः

मितिः	ठेगाना

मतदाता सङ्केत नं.

सम्पर्क मो.नं.

उपरोक्त बमोजिम वारेस वस्न मेरो मन्जुरी छ ।

सही

नाम, थरः

मितिः	ठेगानाः

सम्पर्क मो.नं.

उपरोक्त बमोजिमको वारेसनामा मेरो समक्ष दाखिला भएको हो ।
मितिः	सहीः

समयः	निर्वाचन संयोजक

**अनुसूचि - ८**

# श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल
# …………समितिका पदाधिकारी तथा सदस्य निर्वाचन
## निर्वाचन उपसमितिको कार्यालय

# मतगणना सुरु भएको मुचुल्का

श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको……………समितिको पदाधिकारी तथा सदस्य पदको निर्वाचनमा प्रयोग भएका मतपेटिकाहरू प्राप्त भई सकेकाले मतगणना आज मिति ………………… का दिन ………… बजे हामी तपसिलका मानिसहरूका रोहवरमा मतगणना भएको ठीक साँचो हो ।

**तपसिल**

१. उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि श्री ..

२. उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि श्री ..

३. उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि श्री ..

मितिः सहीः

समयः निर्वाचन संयोजक

स्थानः

**अनुसूचि-९**

# श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

## ..................समितिका पदाधिकारी तथा सदस्य निर्वाचन

### निर्वाचन उपसमितिको कार्यालय

## मतगणना फाराम

श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको..................समितिको पदाधिकारी तथा सदस्य पदको निर्वाचनका लागि भएको मतको गणना देहाय बमोजिम छ ।

कुल मतदान संख्या मतपेटिका संख्याः

कुल सदर मत संख्या कुल बदर मत संख्या

| क.सं. | उम्मेदवारको नाम | जम्मा प्राप्त सदर मत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

१. उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि श्री ..

२. उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि श्री ..

३. उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि श्री ..

मितिः

निर्वाचन संयोजक

### अनुसूचि - १०
# श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल
## ........ समितिका पदाधिकारी तथा सदस्य निर्वाचन
### निर्वाचन उपसमितिको कार्यालय
## मतगणना समाप्त भएको मुचुल्का

श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको.........समितिको पदाधिकारी तथा सदस्य पदको निर्वाचनको मतगणना मिति........................... देखि सुरु भई आज मिति....................... दिनको ......... बजे समाप्त भएको ठीक साँचो हो । सो मतगणना भए अनुसार मतदान भएको जम्मा ................. मतमध्ये .............. मत बदर र ..................... मत सदर भएको र सदर मत मध्ये उम्मेदवारहरूले निम्न लिखित बमोजिम सदर मत पाएको ठीक साँचो हो ।

| क्र.सं. | पद | उम्मेदवारको नाम, थर | वतन | प्राप्त सदर मत संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

**तपसिल**

१. उम्मेदवार वा प्रतिनिधि श्री ........................

२. उम्मेदवार वा प्रतिनिधि श्री ........................

३. उम्मेदवार वा प्रतिनिधि श्री ........................

समयः

स्थानः

मितिः

निर्वाचन अधिकृत

**अनुसूचि - ११**

## श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

## ..................समितिका पदाधिकारी तथा सदस्य निर्वाचन

### निर्वाचन उपसमितिको कार्यालय

## निर्वाचन परिणामको घोषणा

श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको ................ समितिको पदाधिकारी तथा सदस्य पदको निर्वाचनमा देहायका उम्मेदवारहरूले देहाय बमोजिमको मत प्राप्त गर्नु भएकोले यो निर्वाचन परिणाम प्रकाशित गरिएको छ ।

| क्र.सं. | पद | उम्मेदवारको नाम, थर | ठेगाना | प्राप्त सदर मतसंख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

उपरोक्त परिणाम अनुसार निम्नलिखित उम्मेदवारले सबै भन्दा बढी मत प्राप्त गर्नु भएकोले ........................ पदमा निर्वाचित हुनु भएको घोषणा गर्दछु ।

१. श्री ................................................ पद..........................

२. श्री ................................................ पद..........................

३. श्री ................................................ पद..........................

४. श्री ................................................ पद..........................

५. श्री ................................................ पद..........................

समय:
स्थान:
मिति:

निर्वाचन संयोजक

॥ प्रणाम ॥

अनुसूचि-१२

स.द.नं.: ९/०२३
जि.प्र.का काठमाण्डौ

"सुख सितल करुँ संसार, प्रेम सद्भाव सेवा यसका आधार"
श्री कृष्णाय नम :

स.क.प.द.न.३०२/०४७/०४८
पान नं. ३०१७४६४७६

श्री मन्निजानन्दो विजयते :



**श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल**

............ **समितिका पदाधिकारी तथा सदस्य निर्वाचन**

**(निर्वाचन उप समिति)**

# *निर्वाचित भएको प्रमाण पत्र*

**श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल, ..................... समितिको मिति ...... साल ........... महिना ... गते सम्पन्न ....वौं बार्षिक साधारणसभा तथा ...औं महाधिवेशन मा सेवा समितिको विधान-२०२३ को दफा ३७ बमोजिम तथा दफा १५ को १/२/३ मा ब्यवस्था भएको ............ समितिको आगामि तीन बर्षको लागी भएको ........... . पदको निर्वाचनमा तपाई *श्री* ............... ............ सर्बसम्मत चयन हुनु भएकोले तपाईको कार्यकालको पूर्ण सफलताको कामना गर्दै यो प्रमाण-पत्र प्रदान गरिएको छ । यस संस्थामा तपाईले निर्वाह गर्ने भूमिका, दिने सुझाब तथा राय सल्लाह एबम् तपाईको सहयोग अमूल्य हुने विश्वास लिईएको छ ।**

**....... समितिको गरिमामय पदमा निर्वाचित हुनु भएकोमा हार्दिक बधाई छ ।**

**। प्रणाम ।**

| | | |
|---|---|---|
| .................. | ...................... | ...................... |
| (.........................) | (.........................) | (.............................) |
| सदस्य,निर्वाचन उपसमिति | सदस्य,निर्वाचन उपसमिति | संयोजक निर्वाचन उपसमिति |

***ईति सम्बत २०८... साल .......... .....गते ......वार***

## सेवा समितिको निर्वाचन विनियमावलीमा दस्तखत गर्ने पदाधिकारी सदस्यहरु

| क्र.सं. | पद | पदाधिकारीको नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री श्यामकृष्ण शर्मा | बालुटार काठमाण्डौ | |
| २ | निबर्तमान अध्यक्ष | श्री श्याम के.सी. | जावलाखेल, ललितपुर | |
| ३ | उपाध्यक्ष | श्री कल्याणकुमार कार्की | पोखरा सयलापाखा, कास्की | |
| ४ | उपाध्यक्ष | श्री रेशमराज ढकाल | पानीपोखरी काठमाण्डौ | |
| ५ | उपाध्यक्ष | श्री नगेन्द्रबहादुर खड्का | औरी, बर्दिया | |
| ६ | उपाध्यक्ष | श्री शारदाप्रसाद थपलिया | बिर्तामोड, झापा | |
| ७ | उपाध्यक्ष | श्री रामकृष्ण तिवारी | हेटौडा मकवानपुर | |
| ८ | उपाध्यक्ष | श्री कृष्णप्रसाद बजगाई | बिर्तामोड, झापा सत्संग प | |
| ९ | उपाध्यक्ष | श्री पूर्णप्रसाद ढकाल | प्रतिष्ठान इटहरी | |
| १० | महासचिव | श्री नवराज कोइराला | टंकिसिनवारी, मोरङ | |
| ११ | कोषाध्यक्ष | श्री होमनाथ बराल | कोटेश्वर, काठमाण्डौ | |
| १२ | उपमहासचिव | श्री भोलानाथ दाहाल | नजरपुर, रौतहट | |
| १३ | सहकोषाध्यक्ष | श्री असोककुमार थापा | इमाडोल, ललितपुर | |
| १४ | सदस्य | श्री गोपालकृष्ण संजेल | भैमाल, काठमान्डौ | |
| १५ | सदस्य | श्री टिकादत्त बराल | टिकौली, चितवन | |
| १६ | सदस्य | श्री भक्तिप्रसाद सापकोटा | बिरेन्द्रनगर, सुर्खेत | |
| १७ | सदस्य | श्री सुदर्शनप्रसाद सापकोटा | नजरपुर, रौतहट | |
| १८ | सदस्य | श्री बद्रिप्रसाद ओली | तनहुदेवघाट चितवन | |
| १९ | सदस्य | श्री मुरलिकृष्ण खनाल | नवलपरासी बर्दघाट | |
| २० | सदस्य | श्री कौशिला दंगाल अधिकारी | काठमान्डौ | |
| २१ | सदस्य | श्री चन्द्र डाँगी | बिर्तामोड, झापा | |
| २२ | सदस्य | श्री जीबनाबादे श्रेष्ठ | बनेपा, काभ्रे | |
| २३ | सदस्य | श्री रामाज्ञप्रसाद साह | कलैया, बारा | |
| २४ | सदस्य | श्री नमराज ढकाल | नुवाकोट, हाल काठमाण्डौ | |
| २५ | सदस्य | श्री केदारप्रसाद तिमल्सिना | सातदोबाटो ललितपुर | |
| २६ | सदस्य | श्री बासुदेव थापा | दहचोक, काठमाण्डौ | |
| २७ | सदस्य | श्री अर्जुनप्रसाद वाग्ले | हेटौडा, मकवानपुर | |
| २८ | सदस्य | श्री श्यामप्रसाद बराल | जिरौना, चितवन | |
| २९ | सदस्य | श्री सुधाम के.सी | भक्तपुर | |
| ३० | सदस्य | श्री दिवाकर संजेल | भैमाल, काठमाण्डौ | |
| ३१ | सदस्य | श्री तुलसीकुमारशर्मा भट्टराई | सलकपुर, मोरङ | |
| ३२ | सदस्य | श्री मालती ओझा | कास्की, हाल काठमाण्डौ | |
| ३३ | सदस्य | श्री लिलाराम भारती | भुरिगाउ, बर्दिया | |

| | | | | |
|---|---|---|---|---|
| ३४ | सदस्य | श्री केशवप्रसाद अधिकारी | भरतपुर, चितवन | |
| ३५ | सदस्य | श्री गोकुल रिजाल | नवतनधाम, काठमान्डौ | |
| ३६ | सदस्य | श्री शारदा गौतम भट्टराई | अत्तरीया, कैलाली | |
| ३७ | सदस्य | श्री दामोदरप्रसाद अर्याल | राधाकृष्ण सेवा संस्था | |
| ३८ | सदस्य | श्री राजेन्द्र देउजा | जडिबुटी काठमाण्डौ | |
| ३९ | सदस्य | श्री रोमन कट्टेल | बिराटनगर मोरङ | |
| ४० | सदस्य पदेन यु.प. | श्री जगदिशचन्द्र शर्मा | जिरौनाँ, चितवन | |
| ४१ | सदस्य पदेन बामस. | श्री शारदा पुडासैनी शर्मा | बालुवाटार, काठमाण्डौ | |

**॥ प्रणाम ॥**